विधेयक संख्याः

# ऋण तथा जमानत (पच्चीसौं संशोधन) विधेयक

२०७९

सङ्घीय संसद सचिवालय

सिंहदरबार, काठमाडौं।

# <u>उद्देश्य र कारण</u>

नेपाल सरकारले विकास कार्यको निमित्त संघीय सञ्चित कोष वा अन्य सङ्घीय सरकारी कोष धितो राखी आवश्यकता अनुसार ऋण लिन र जमानत दिन वाञ्छनीय भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो।

<u>द्रष्टव्य:</u> यो विधेयक अर्थ विधेयक हो।

नेपाल सरकार
अर्थ मन्त्रालय

(जनार्दन शर्मा 'प्रभाकर')
अर्थ मन्त्री

# ऋण तथा जमानत ऐन, २०२५ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावनाः** ऋण तथा जमानत ऐन, २०२५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "ऋण तथा जमानत (पच्चीसौं संशोधन) ऐन, २०७९" रहेको छ।

(२) यो ऐन संवत् २०७९ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **ऋण तथा जमानत ऐन, २०२५ को दफा ३ मा संशोधनः** ऋण तथा जमानत ऐन, २०२५ को दफा ३ को उपदफा (१) मा रहेका "चौध खर्ब रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "सोह्र खर्ब रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन्।